श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय, बझाङका प्रमुख जिल्ला अधिकारी श्री कुलप्रसाद भण्डारी जिल्ला कार्यालय, खोटाङमा काजमा खटिएको हुँदा निज फर्की हाजिर नभएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी प्रशासन व्यवस्था विभाग, अतिरिक्त समूहको हाल यस मन्त्रालयमा काजमा रहनुभएको शाखा अधिकृत श्री रूपबहादुर स्वाँरलाई मिति ०३४।४।२५ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले–
रामानन्द वैद्य
श्री ५ को सरकारको उप–सचिव

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय, अछामको प्रमुख जिल्ला अधिकारी श्री रजनीनाथ प्याकुरेललाई मन्त्रालयमा काजमा झिकाइएकोले निज काजबाट आफ्नो पदमा फर्की हाजिर नभएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी प्रशासन व्यवस्था विभाग, अतिरिक्त समहको हाल यस मन्त्रालयमा काजमा रहनुभएको शाखा अधिकृत श्री श्रीमान श्रेष्ठलाई मिति ०३४।४।१६ देखि का.मु. मुकरर गरेको छ ।

आज्ञाले–
रामानन्द वैद्य
श्री ५ को सरकारको उप–सचिव

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय, खोटाङका प्रमुख जिल्ला अधिकारी श्री झुलेन्द्रमान प्रधान मन्त्रालयमा काजमा रहनुभएकोले निज काजबाट आफ्नो पदमा फर्की हाजिर नभए-सम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी जिल्ला पञ्चायत सचिवालय, खोटाङका पञ्चायत तथा विकास अधिकारी श्री गणेशबहादुर बस्न्यातलाई मिति २०३४।१।२२ देखि का.मु. मुकरर गरेको छ ।

आज्ञाले–
रामानन्द वैद्य
श्री ५ को सरकारको उप–सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।